टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

## उपभोक्ता समिति/ टोल विकास संस्था मार्फत कार्यान्वयन हुने आयोजना सम्झौता गर्दा पेश गर्नु पर्ने कागजातको विवरण

| सि.नं. | कागजातको विवरण |
|---|---|
| १ | आयोजना स्वीकृत भई वजेटको श्रोत सुनिश्चित भएको हुनु पर्ने । (वार्षिक आयोजना किताबको सि.नं./ कार्यपालिका निर्णय/ / ससर्त/ प्रदेश पुर्वाधार/समपुरक) |
| २ | ७ देखि ११ सदस्यीय टोल विकास संस्था/उपभोक्ता समिति/ तथा ३ सदस्यीय अनुगमन समिति गठनको माईन्यूट सहित नगरपालिकाबाट उपलव्ध गराईएको योजना सम्झौता किताव ( उक्त किताबमा भर्नु पर्ने विवरणहरु सबै भरिएको हुनु पर्ने) |
| ३ | समिति /संस्थाको आयोजना सम्झोताको लागि माग निवेदन तथा सम्बन्धित वडाको आयोजना संचालन सम्झौता सम्वन्धि सिफारीस पत्र |
| ५ | आयोजनाको स्वीकृत लागत अनुमान |
| ६ | संस्थाको हकमा चालु आ.ब.को नविकरण भएको संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी |
| ७ | संस्था/ समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी र चालु आ.ब.को सम्पतिकर चुक्ता प्रमाणपत्रको प्रतिलिपी |
| ८ | आयोजना संचालन हुने स्थानको शुरु अवस्थाको फोटो |
| ९ | समपुरककोषवाट संचालन हुने आयोजनाको हकमा नगरपालिकाको सन्चित कोषमा सम्वन्धित संस्था/ समितिले लागत व्यहोर्ने रकम जम्मा गरेको सक्कलै बैक भौचर/ रकम जम्मा भएको प्रमाणित हुने कागजात |

### आयोजना सम्झौता पूर्व जानकारी राख्नु पर्ने मुख्य मुख्य बिषय:-

१. उपभोक्ता समिति/ टोल विकास संस्था मार्फत कार्यान्वयन हुने आयोजनाको अधिकतम् सीमा रु ५० लाख ( नगरपालिकाबाट विनियोजित रकम) तोकिएको

२. आर.सि.सि भवन,सडक कालोपत्रे, सिसिक्यामेरा, सडकबत्ती, मालसामान खरिद जस्ता आयोजनाहरु उपभोक्ता समिति/ टोल विकास संस्था मार्फत कार्यान्वयन नहुने

३. संस्था/समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये एक जना अनिवार्य महिला र समितिका सदस्य मध्ये ३३ प्रतिशत महिला सहभागिता, अनुगमन समितिमा न्यूनतम ३३% महिला सहभागिता हुनु पर्ने

४. नगरपालिकाद्धारा संचालन भई हाल सम्म चालु अवस्थामा रहेको कुनैपनी आयोजना तथा कार्यक्रममा प्रस्तावित आयोजना/ कार्यक्रम संचालन गर्ने संस्था/ समिति तथा संस्था/ समितिको कुनै सदस्यको संलग्नता नरहेको हुनु पर्ने

५. आयोजना/ कार्यक्रम संचालन गर्ने संस्था/ समिति तथा अनुगमन समितिको कुनै पदाधिकारीमा सरकारी कर्मचारी/जनप्रतिनिधि/कानुनले अयोग्य घोषणा गरेको व्यक्ति/ एकाघरको परिवारवाट एकजना भन्दावढी व्यक्तिको संलग्नता हुन नहुने

६. संस्था/समितिको सदस्य तथा अनुगमन समितिको सदस्यमा सम्वन्धित आयोजना क्षेत्र भन्दा वाहिरको वासिन्दाको संलग्नता हुन नहुने

७. संस्था/समिति, संस्था/समितिको सदस्य तथा अनुगमन समितिको सदस्यमा सरकारी वाँकी वक्यौता वा पेश्की फछ्यौंट गर्न वाँकी रहेको व्यक्तिको संलग्नता हुन नहुने

८. उपभोक्ता समिति/ टोल विकास संस्था मार्फत कार्यान्वयन हुने आयोजना सम्पन्न गरी भुक्तानीको लागि सम्वन्धित समिति/ संस्थाले सम्झौता अवधि भित्रै नगरपालिकामा भुक्तानीको निवेदन दर्ता गरी सक्नु पर्नेछ ।म्याद थप गरिने छैन ।

९. उपभोक्ता समिति/ टोल विकास संस्था मार्फत कार्यान्वयन हुने गरी सम्झौता भएका आयोजनाहरु सम्वन्धित समिति/ संस्था स्वंयमले कार्यान्वयन गर्नु /गराउनु पर्नेछ । निर्माण व्यावसायी वा कुनै व्यक्तिलाई ठेक्का वा जिम्मामा दिन पाईने छैन ।

१०. आयोजनाको उदेश्य बमोजिम गर्नु पर्ने कार्यको बारेमा सम्वन्धित प्राविधिकलाई स्पष्ट पारी लागत अनुमान तयार गराउनु पर्नेछ ।

११. आयोजनाको कार्यान्वयन स्थलमा नगरपालिकाले तोकेको ढाँचामा सर्वसाधारणको जानकारीको लागि आयोजना सूचना पाटी सबैले देख्ने गरी राख्नु पर्नेछ ।

## उपभोक्ता समिति/ टोल विकास संस्था मार्फत कार्यान्वयन हुने आयोजना सम्पन्न भई भुक्तानी लिनको लागी पेश गर्नु पर्ने कागजातको विवरण

| सि.नं. | कागजातको विवरण |
|---|---|
| १ | आयोजना अवधि भित्र कार्य सम्पन्न भई सम्वन्धित संस्था/ समितिबाट भुक्तानीको लागि नगरपालिकामा दर्ता भएको निवेदन / सिफारिस |
| २ | सम्बन्धित वडाको आयोजना/ कार्यक्रम सम्पन्न भएकोले भुक्तानी सम्वन्धी सिफारिस पत्र |
| ३ | टोल विकास संस्था/ उपभोक्ता समिति/ समितिको वैठकवाट कार्य सम्पन्न भएको सुनिश्चितता गरी आम्दानी खर्चको विवरण खुलाईएको भुक्तानी माग गर्ने निर्णय सहितको माईन्यूट ( वहुमत सदस्यको उपस्थिती तथा वहुमत सदस्यवाट माईन्यूट वन्द गरिएको) |
| ४ | संस्था / समितिको सार्वजनिक परिक्षण प्रतिवेदन, आम्दानी तथा खर्च सार्वजनिकीकरण फारम वडा कार्यालयको छाप सहित सम्वन्धित वडाध्यक्ष वा जनप्रतिनिधिको रोहवरमा प्रमाणित भएको एवं आयोजनाको सामाजिक परिक्षण गरेको भेलाको रंगिन फोटो |
| ५ | खर्च विवरण उल्लेख भएको स्वःघोषणा पत्र |
| ६ | आयोजनाको लागत अनुमान वमोजिम प्राविधिक मूल्याङ्कन, कार्य सम्पन्न प्रतिवेदन,नापी किताव,उपभोक्ता सम्वन्धी विल |
| ७ | स्थानीय अनुगमन समितिको निर्णय, वडास्तरीय/ नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदन |
| ९ | सम्झौता मिति भन्दा पछाडी तथा सम्पन्न भन्दा अगाडिको सो आयोजना संग सम्वन्धित विल भर्पाइ संस्था/ समितिको छाप सहित प्रमाणित भएको ( सम्वन्धित पदाधिकारी मध्येवाट कुनै एकजनाले सहि गरी संस्था/समितिको नाममा जारी भएको) |
| १० | चालु आ.ब.को जिल्लादर अनुसारको ज्याला डोर हाजिरी फारममा उल्लेख गरी सम्वन्धित कामदारले वुझेको भर्पाई सहित उक्त डोर हाजिरी फारममा संस्था/समितिका अध्यक्ष,सचिव र कोषाध्यक्षको सहि गरी सम्वन्धित प्राविधिकले प्रमाणित गरेको |
| ११ | नगरपालिकावाट उपलव्ध गराईएको ढाँचा अनुसारको आयोजना / कार्यक्रमको सूचना पाटीको फोटो |
| १२ | आयोजना कार्यान्वयनको चरणमा काम हुदै गरेको अवस्था तथा कार्य सम्पन्न भए पश्चातको स्थलगत अवस्था झल्कने रंगिन फोटोहरु |
| १३ | सडक पक्की तथा प्लमवाल जस्ता संरचनाको हकमा निर्मित संरचनाको ल्याव टेष्ट रिपोर्ट |

### <u>आयोजनाको रकम भुक्तानी पूर्व जानकारी राख्नु पर्ने मुख्य मुख्य बिषयः-</u>

१. रु. १ लाख भन्दा बढीको विलहरुको हकमा कर बिजक जारी गर्ने संस्थाको नाममा सोझै भुक्तानी गरिनेछ। बैकिङ्ग प्रणाली मार्फत भुक्तानी गरी खरिद गरेको प्रमाण पेश गरेको कर बिजकको हकमा सम्वन्धित समिति/ संस्थालाई नै भुक्तानी हुने ।

२. भुक्तानी हुने रकम मध्ये २ प्रतिशत रकम मर्मत संभार वापत कट्टा गरिनेछ ।

३. प्राविधिक मूल्याङ्कनमा उल्लेखित सम्पन्न भएको कामको आधारमा हुन आउने खर्चको विवरण बमोजिमका विल भर्पाई तथा डोर हाजिरी संलग्न गर्नु पर्नेछ ।